अन्नपूर्ण पोस्ट

# शाश्वतधाम सर्वसाधारणलाई खुला

**हरि शर्मा** *बुधवार, फागुन २५, २०७३*




शास्वतधाम उद्घाटन गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी ।

नवलपरासीः राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा उद्घाटन र आध्यात्मिक गुरु श्री श्री रविशंकर तथा पूर्वराजा ज्ञानेन्द्र शाहद्वारा प्राणप्रतिष्ठापछि चौधरी गुरपको लगानीमा निर्मित अनुपम कारिगरीको नमुना शाश्वतधाम सर्वसाधारणका लागि विधिवत् खुला गरिएको छ । करिब सात बिघा क्षेत्रफलमा अवस्थित धामको उद्घाटन पूजा तथा प्राणप्रतिष्ठा आदि शंकराचार्यको काँची पीठ, श्री श्री रविशंकरको आर्ट अफ लिभिङ र पशुपतिनाथको पद्धतिद्वारा सम्पन्न भएको थियो ।

रविशंकर कार्यक्रममा स्वयं उपस्थित थिए भने काँची पीठ तथा पशुपतिनाथका पूजारी समूह पनि विधिवत् प्राणप्रतिष्ठा समारोहमा संलग्न थिए । अन्तिम समयमा काँची पीठ शंकराचार्य जयेन्द्र सरस्वतीले स्वास्थ्यका कारण भ्रमण रद्द गरेका थिए । तर उनले स्काइपमार्फत आफूले नेपालमा राजपरिवार तथा आमजनताको सम्मान पाएको र आफूले चाहँदाचाहँदै पनि आउन नसकेको गुनासोका साथ कार्यक्रम सफलताको कामना गरेका थिए ।

उक्त अवसरमा राष्ट्रपति भण्डारीले धार्मिक सहिष्णुता र जातीय सद्भावका लागि सबै नेपाली एक हुनुपर्नेमा जोड दिइन् । उनले बदलिँदो परिस्थितिमा सबैले चाहेको परिस्थितिको वातावरण बनाउनुपर्ने बताइन् । उता पूर्वराजालाई आफूले नै हाँकेको गाडीबाट नारायणगढदेखि शाश्वतधामसम्मको करिब ३० किलोमिटर दूरी पार गर्न करिब डेढ घन्टा लागेको थियो । विभिन्न ठाउँमा स्थानीयको समूहले उनलाई भव्य स्वागत गर्दै 'राजा आऊ, देश बचाऊ' को नारासाथ अभिवादन गरेका थिए भने कतिपय ठाउँमा उनले अभिवादन साटासाट गरेका थिए । गाडीबाट उत्रेपछि उनी सीधै शाश्वतधाम मन्दिरमा प्रवेश गरेर कर्ताकै रूपमा चौधरी परिवारसँग प्राणप्रतिष्ठा समारोहमा सहभागी भई पछि सर्वधर्मसभामा प्रमुख अतिथिका रूपमा करिब आधा घन्टा बिताएका थिए ।

देवचुली नगरपालिका २ दुम्कौलीस्थित सीजी औद्योगिक पार्क परिसरमा निर्माण गरिएको धामको प्राणप्रतिष्ठा कार्यक्रममा मन्त्री, पूर्वमन्त्री, श्रीलंकाली मन्त्री दयागामागी, धार्मिक गुरुहरू र पशुपतिनाथ मन्दिरका पुजारीहरू सहभागी थिए । धामबारे जानकारी दिँदै चौधरी गुरपका संस्थापक विनोद चौधरीले १९ वर्षअघि पहिलोपल्ट पशुपतिनाथ मन्दिर परिसरमा भेट भएका शंकराचार्यको प्रेरणाले धाम निर्माणको अवधारणा बनाएको बताए । भेटमा शंकराचार्यले नेपाल विश्वमा एक मात्र हिन्दु राष्ट्र भएको र यहाँ मठ, मन्दिर र गुम्बा छरिएर रहेका कारण धर्मतर्फ पनि केन्द्रित हुने प्रेरणाले आफूले १६ वर्षअघिदेखि निर्माणकार्य थालनी गरेको उनले बताए ।




धाम बनाउन रविशंकरको आध्यात्मिक यात्राले आफूलाई सफल बनाएको चौधरीले बताए । नेपालमा पूजापाठ गर्नेको संख्या घट्दै गएकाले हरेक वर्ष १५ जना पण्डित उत्पादन गर्ने लक्ष्यअनुरूप हाल विद्या श्रममा ३० जना विद्यार्थी अध्ययनरत रहेको जानकारी उनले दिए । कार्यक्रममा स्वामी रविशंकरले उद्योग र योग सँगै लैजान सक्नु नै जीवनको आनन्द भएको बताए । पार्कको ८० बिघा क्षेत्रफलमध्ये सात बिघामा शाश्वतधामसहित विभिन्न देवीदेवताका मन्दिर, आ श्रम, गुरुकुल, धार्मिक संग्रहालय, डिजिटल धार्मिक पुस्तकालय, गौशाला, ध्यानकेन्द्रलगायत निर्माण गरिएको छ । शाश्वतधाम खजुरवान शैलीमा

निर्माण गरिएको छ । यो दक्षिण भारतमा प्रचलित शैली हो । परिसरमा रहेका मन्दिरमा शंकराचार्य मठका कालीगढले बनाएको शिवलिंगसमेत छ । मन्दिरभित्र विभिन्न १६ देवीदेवताका मूर्ति पनि छन् ।

धामको चारैतिर ढुंगाले खोपेर बनाइएका साना स्पिकरबाट पर्यटक र पाहुनाले भजन सुन्न सक्नेछन् । धाममा निर्माण गरिएका संरचना काठको बुट्टाजस्तो देखिए पनि सिमेन्टबाट बनाइएको छ । धामभित्र १२ राशि र २७ नक्षत्रअनुसारका रूखसमेत रोपिएका छन् । पर्यटकीय स्थलका रूपमा समेत विकास गर्ने उद्देश्यले निर्माण गरिएको धाममा पशुपतिनाथ, मुक्तिनाथ, स्वर्गद्वारी, गोसाइँकुण्ड, बद्री, केदार, हरिद्वारलगायत धार्मिक स्थलको डिजिटल दृश्यावलोकन गर्ने व्यवस्था छ । धाममा नेपालका प्रसिद्ध तीर्थस्थलको जल, माटो, अलौकिक गोबर, विभूत र शालिग्राम पनि राखिएको छ ।
जातीय सद्भभावका लागि एक हौः राष्ट्रपति

धाम उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले धार्मिक सहिष्णुता र जातीय सद्भावका लागि सबै नेपाली एक हुनुपर्नेमा जोड दिइन् । उनले बदलिँदो परिस्थितिमा सबैले चाहेको परिस्थितिको वातावरण बनाउनुपर्ने बताइन् । भण्डारीले असल परम्परासँगै मूल्य र मान्यतालाई गौरव गर्दै सबै सुहाउँदो परिस्थिति सिर्जना गर्नुपर्नेमा जोड दिइन् । छोटो मन्तव्यमा भण्डारीले सभ्य समाजका लागि अस्वीकार्य गर्ने संस्कार प्रयोग र मान्यतालाई जुनसुकै आवरणमा आए पनि त्याग गर्न सक्नुपर्र्ने बताइन् ।

See Link: http://www.annapurnapost.com/news/66047

# राष्ट्रपतिदेखि पूर्वराजा ज्ञानेन्द्रसम्म पुगेको शाश्वतधाम यस्तो छ, खजुरावान शैलीको धाम

-मनोज सत्याल/बिजमाण्डू
प्रकाशित मिति: Mar 7, 2017 4:31 PM

**कावासोती।**चौधरी समूहले  नवलपरासीको दुम्कौलीमा निर्माण गरेको शाश्वतधाम मंगलबार राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरिन्।यो धाम उद्घाटनको अवसरमा पूर्वराजा ज्ञानेन्द्र शाह समेत पुगेका थिए।



राष्ट्रपति भण्डारी शाश्वतधाम उद्‌घाटन सकेर फर्किएपछि मात्रै त्यहाँ पुगेका थिए। करीव सात विघा क्षेत्रफलमा फैलिएको यस धामको मध्य भागमा विश्वमै प्रसिद्धि कमाएको खजुरावान शैलीमा बनेको बुट्टेदार तथा अत्यन्तै मनमोहक एकम्बरेश्वर शिव मन्दिर रहेको छ ।



झण्डै १४ वर्ष लगाएर निर्माण गरिएको यो धामको परिकल्पनाकार उद्योगपति विनोद चौधरी हुन्।धामको इन्जिनियरिङको काम नारायण श्रेष्ठले गरेका हुन्। कार्यक्रममा राष्ट्रपति भण्डारीले शाश्वत धामले धार्मिक पर्यटन विकास गराउने विश्वास व्यक्त गरिन्।



आर्ट अफ लिभिङका संस्थापक रविशंकरले शाश्वत जीवन देख्न यही धाम आउनुपर्ने बताए।राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले सनातन मूल्य र मान्यताको अनुपम धाम शाश्वत धाम बन्ने विश्वास व्यक्त गरे।



मन्दिरलाई चारैतिरबाट सर्वतीर्थ सरोवर तालले घेरेको छ, जहाँ बद्री, केदार, हरिद्वार, मुक्तिनाथ, र पशुपतिनाथ जस्ता प्रसिद्ध धार्मिक तीर्थस्थलबाट ल्याइएको जल मिसाइएको छ ।



यो धाममा गुरुकुल विद्याश्रम, अखण्ड अग्नि कुण्ड, शक्तिघाट, धर्मशाला, यज्ञकुण्ड, हनुमान मन्दिर, धार्मिक प्रदर्शनी, धार्मिक संग्रहालय, डिजिटल धार्मिक पुस्तकालय, हेरिटेज बिल्डिंग हल, गौशाला, अग्र्यानिक फार्म, ४५ जनाको लागि आवासीय सुविधा भएको योग तथा ध्यान केन्द्र, शाकाहारी अग्र्यानिक भोजनालय, विश्राम स्थल लगायत वैदिक सनातन हिन्दु धर्मसंग सम्वन्धित अन्य महत्वपूर्ण स्थलहरु रहेका छन् ।शाश्वतधाममा अत्याधुनिक अडियो भिडियो केन्द्र रहेको छ ।



केन्द्रमा धार्मिक पर्यटक तथा आगन्तुकहरुले नेपाल तथा भारतमा रहेका पशुपतिनाथ, मुक्तिनाथ, स्वर्गद्वारी, गोसाइँकुण्ड, बद्री, केदार, हरिद्वार जस्ता प्रमुख धार्मिक स्थलका पछिल्ला गतिविधि ठूलो पर्दामा हेर्न सकिनेछ।



धाममा वर, पिपल, अशोकालगायत १२ राशी २७ नक्षत्रको प्रतिनिधित्व हुने गरी विभिन्न रुख विरुवाहरु लगाइएका छन् । धामलाई आकर्षक बनाउनको लागि मन्दिर वरिपरी मनमोहक पानीको फोहरा (वाटर फाउन्टेन) समेत निर्माण गरिएको छ ।



आगन्तुकहरुको सुविधाको लागि बिश्राम स्थल पनि बनाइएको छ ।



धामको चारैतिर ढुंगा खोपेर बनाइएका स—साना स्पिकरबाट आगन्तुकहरुले मन्द आवाजमा भजन सुन्नसक्ने छन् । करीव ३ सय जना क्षमता भएको
अन्नपूर्ण भोजनालय धाम परिसरमै रहेको छ जहाँ भक्तजनहरुले सात्विक खाजा तथा भोजन न्यूनतम शुल्कमा प्राप्त गर्न सक्ने छन् ।



धाममा  चौधरीका पिता लुनकरण दासको अस्तु राखिएको समाधि र सालिकसमेत निर्माण गरिएको छ।

See Link : http://bizmandu.com/content/-24485.html





See Link : http://bizmandu.com/content/-24485.html

the kathmandupost

# Shashwatdham inaugurated

- Post Report, NAWALPARASI



The newly-built Shashwat Dham, centre of excellence for spiritual learning in Dumkauli, Nawalparasi. POST POST: NABIN POUDEL

Mar 8, 2017- President Bidya Devi Bhandari has said that religions and cultures convey moral message to maintain national unity.

Inaugurating Shashwat Dham constructed by Chaudhary Foundation in Dumkauli of Nawalparasi district on Tuesday, President Bhandari said such a pilgrimage site could be very important to promote compassion and goodwill. The head of the state highlighted unity in cultural and religious diversities as Nepal's identity.

Chairman of the foundation Binod Chaudhary, founder of Art of Living Sri Sri Ravi Shankar, Rastriya Prajatantra Party Chairman Kamal Thapa and religious leaders from Sri Lanka, Vietnam, Cambodia, among other countries, also attended the function. Soon after President Bhandari returned from Shashwatdham following the inauguration of Ekambareshwor Shiva Temple, former king Gyanendra Shah arrived on the dham premises and inaugurated Sarbadharma Sabha, assembly of leaders of Hindu, Buddhism and Muslim faiths.

It took about 15 years to build Shashwatdham that houses Shiva temple, a library, religious museum, Yoga hall and Gurukul for students of sanskrit language.

See Link: http://kathmandupost.ekantipur.com/printedition/news/2017-03-08/shashwatdham-inaugurated.html

The Himalayan Times

# Prez unveils Shashwat Dham

Published: March 08, 2017 4:03 am On: Nepal



*President Bidya Devi Bhandari inaugurating Shashwat Dham, built by Chaudhary Foundation at Dumkauli, Devchuli Municipality, in Nawalparasi, on Tuesday, March 7, 2017. Photo: THT*

**Nawalparasi, March 7**

President Bidhya Devi Bhandari today said the construction of Shashwat Dham, a religious site in Nawalparasi, would play a vital role in promoting religious harmony and tourism in the country.

Inaugurating the Dham constructed by Chaudhary Foundation at Dumkauli, Devchuli Municipality, in Nawalparasi today, President Bhandari said the site would become a milestone for socio-economic, aesthetic, tourism and religious development of the region. She also expressed confidence that the Dham will be a source of social harmony, kindness and peace across the globe.

"The country's prosperity is largely dependent on religious tolerance and fraternity among different communities, so we should protect our traditions amid peace and unity," said President Bhandari. She further lauded the contribution of Chaudhary Group for the socio-economic and tourism development in the country.

Saswatdham Founding Trustee and Chaudhary Group Chairperson Binod K Chaudhary offered President Bhandari a peace bell at the function. The president also inaugurated Amaleshwor Shiva Temple, Digital Religious Library and Religious Museum built on the Dham premises.

Also speaking on the occasion, Indian religious leader Sri Sri Ravi Shankar underscored the importance of *Sanatan Dharma* to spread the message of peace and harmony in Nepal.

Rastriya Prajatantra Party Chairperson Kamal Thapa, Land Reform Minister Bikram Pandey, Sri Lankan Minister Dayaa Gamagae and Managing Director of Chaudhary Foundation Nirvana Chaudhary, amongothers, were also present at the programme.

A version of this article appears in print on March 08, 2017 of The Himalayan Times.

See Link: https://thehimalayantimes.com/nepal/president-bidya-devi-bhandari-unveils-shashwat-dham/

# After 16 years Shaswat Dham opened by Nepal President

Updated: Mar 09, 2017 17:52 IST



**By Binod Adhikari**

Nawalparasi [Nepal], Mar. 9(ANI): It took 16 years to construction Shaswat Dham before Nepal's President Bidhya Devi Bhandari inaugurated it on Wednesday.

President Bhandari said, "I have expected that the Dham established in the birth land of Gautam Buddha, this holy land would help spread peace and harmony. Located in the lap of Himalayan

Ranges our country is penitential for Saints, Hermits, Intellectuals and people of other sects. In our country the development of Ayurveda and Yoga were developed very long and have a very glorious history regarding its development. The country also has shown a perfect example of religious tolerance and racial integration has been established as splendor."

Binod Chaudhary, Nepal's first billionaire and the chairman of the Chaudhary Group, said "In the presence of honorable president and other distinguished people from Nepal and abroad who have been contributing a lot in the various aspects of life and field I want to make an appeal to all that Nepal should be established as an Hindu National eternally and all religions could be included in its shade, no violence take place in the name of religion, Shaswat Dham represents this ideology."

The inaugural ceremony of Shaswat Dham showcased religious harmony and unity with the representation of religious leaders, of namely Hindu, Islam, Christianity, Jainism, Sikhism, amongst others.

Shaswat Dham provides knowledge and pleasure to the people who are in search of spirituality and religion. The main temple inside the Dham, Ekambareshwor- the Shiva Temple is built with the world famous Khajuraho- style of architecture.

The newly inaugurated Dham has the unique story about its construction. The main temple of the Dham was constructed by the people (Workers) from so called Dalit community. (ANI)

**See Link:** http://www.aninews.in/newsdetail-NA/MzAzNDY0/after-16-years-shaswat-dham-opened-by-nepal-president.html